कानेपोखरी गाउँपालिका

**कानेपोखरी राजपत्र**

**खण्ड ७** **संख्या ३** **मिति: २०८१।०५।१३**

# भाग १

**कानेपोखरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बयरवन, मोरङ, कोशी प्रदेश, नेपाल**

मिति २०८१ साल आषाढ ३१ गते बसेको कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको दोस्रो बैठकबाट पारित भएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

# कानेपोखरी गाउँपालिकाको जलस्रोत तथा उपयोग व्यवस्थापन ऐन,२०८१

**गाउँसभा अध्यक्षज्यूबाट प्रमाणिकरण मिति:२०८१।०३।३१**

**प्रस्तावना:** कानेपोखरी गाउँपालिका क्षेत्रभित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन, विकास तथा नियमन एवं जलश्रोतको लाभप्रदायक उपयोगहरुको निर्धारण गर्ने, जलश्रोतको उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम सहित जलश्रोतलाई प्रदुषण मुक्त राख्दै जलश्रोतको उपयोगमा हुने विवादलाई अन्त्य गर्नका लागि कानूनी व्यवस्था गर्न वाच्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि १६ औं गाउँसभाको दोश्रो बैठकले यो ऐन जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "**कानेपोखरी गाउँपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू-सतह वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले कानेपोखरी गाउँपालिका सम्झनुपर्छ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले कानेपोखरी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "अनुमतिपत्र प्राप्त समूह वा संस्था" भन्नाले जलश्रोतको उपयोग गर्न गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त समूह वा संगठित संस्थालाई सम्झनुपर्छ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले दफा ७ बमोजिम गठित संस्था सम्झनु पर्दछ।

(च) "उपभोक्ता" भन्नाले जलश्रोत उपयोग गर्ने समूह वा संस्थालाई सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले दफा १२ बमोजिम गठित गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(झ) "सर्वेक्षण" भन्नाले जलश्रोत उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्छ।

(ञ) "सेवा शुल्क" भन्नाले नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको जलश्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## जलश्रोतको स्वामित्व र उपयोग सम्बन्धी प्रबन्ध

३. **जलश्रोतको स्वामित्व:** प्रचलित कानूनले तोकेकोमा बाहेक गाउँपालिका क्षेत्रभित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ।

४. **जलश्रोतको उपयोग:** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले जलश्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमतिपत्र लिनु पर्नेछैन।

(क) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न,

५. **जलश्रोत उपयोगको प्राथमिकता क्रम:** (१) गाउँपालिका क्षेत्रभित्रको जलश्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उद्यम,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उद्योग,

(च) जल यातायात, जलपर्यटन प्रवर्द्धन

(छ) सीमसार प्रवर्द्धन र बहुउपयोग

(ज) अन्य उपयोग।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १२ बमोजिम गठित समितिले दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

६. **गाउँपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्ने:** (१) यस ऐन बमोजिम कसैले उपयोग गरेको जलश्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि गाउँपालिकाले आफ्नो मातहतमा लिई प्रत्यक्ष रुपमा सञ्चालन, व्यवस्थापन तथा विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आफूले लिएको जलश्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचना वापत कुनै व्यक्ति वा निजी फर्म, कम्पनीको लगानी वा स्वामित्व भएमा गाउँपालिकाले सम्वन्धितलाई समितिको निर्णय बमोजिम क्षतिपूर्ति दिन सक्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद-३
## जलश्रोत उपभोक्ता संस्थाको गठन

७. **जलश्रोत उपभोक्ता संस्थाको गठन:** (१) सामूहिक लाभका लागि संस्थागत रूपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा ७ जना सरोकारवालाहरु आवद्ध भएको जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताले अनुसूची-१ बमोजिमको ढाँचामा जल उपभोक्ता संस्थाको कम्तीमा दुई प्रति विधान, एक सय रुपैयाँ दस्तुर सहित देहायका कागजात संलग्न गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ:-

(क) उपभोक्ताहरुको आम भेलाको माइन्युट (सहमति तथा मञ्जुरी प्रदान)
(ख) व्यक्तिगत जग्गामा पर्ने भएमा सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा पत्र
(ग) परियोजना प्रस्ताव
(घ) जल उपभोक्ता समितिको निर्णय
(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस
(च) समितिका पदाधिकारी सहित सञ्चालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(३) उपदफा (२) बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा देहायका विवरणहरु खुलाउनु पर्नेछ:-

(क) पूरा नाम र ठेगाना,
(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्कासन र राजीनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारणसभा सम्बन्धी विषय,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय),

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था,

(ञ) कोष र लेखापरीक्षण,

(ट) विधान संशोधन

(ठ) विघटन,

(ड) विविध।

(४) उपदफा (२) बमोजिम पर्न आएको दरखास्त प्रमुख प्रशासकीय अधिकृतले दफा १२ को उपदफा (१) बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम समिति समक्ष पेश भएका दरखास्त उपर समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ताको स्वीकृति दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम समितिले संस्था दर्ता गर्न स्वीकृति दिएका संस्थाको हकमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरी सोको विवरण अनुसूची-२ बमोजिमको ढाँचाको दर्ता किताबमा अभिलेखी राखी अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम गठन भएको जल उपभोक्ता संस्थाको कार्यक्षेत्र गाउँपालिका क्षेत्रभित्र रहनेछ। यदि कार्यक्षेत्र अन्य स्थानीय तहमा समेत विस्तार गर्न चाहेमा प्रचलित कानूनको रीत पुर्याई गर्न सकिनेछ।

(८) उपदफा (४) बमोजिम समिति समक्ष पेश भएका उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले ३० दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

(९) यो ऐन प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(१०) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संशोधन प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा समितिमा पेश गर्नु पर्नेछ र समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

८. **जल उपभोक्ता संस्था सङ्गठित संस्था हुनेः** (१) जल उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) जल उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप तथा लेटर प्याड हुनेछ।

(३) जल उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ।

९. **जल उपभोक्ता संस्था विघटनः** जल उपभोक्ता संस्थाले कानून बमोजिम कार्य सम्पादन गर्न नसकेमा वा अन्य कुनै कारणले सो संस्था विघटन भएमा संस्थाको नाममा रहेको चलअचल सम्पत्ति गाउँपालिकाको स्वामित्वमा हुनेछ।

१०. **जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) गाउँपालिकाले दफा १४ र १५ बमोजिम विकास गरेको कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी परियोजना हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।

११. **जलश्रोतको उपयोगको लागि करार गर्न सक्नेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधिनमा रही करार गरी (सार्वजनिक तथा निजी साझेदारी समेत) उल्लेखित शर्तहरू बमोजिम कुनै जलश्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सकिनेछ।

## परिच्छेद-४
## गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१२. **गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिको गठनः** (१) गाउँपालिकाभित्र रहेको जलश्रोत उपयोगको आवश्यक अध्ययन, अनुसन्धान एवं जलश्रोत उपयोगको

लागि अनुमति प्रदान गर्ने तथा तोकिए बमोजिमको कार्य नगरेमा अनुमतिपत्र खारेज गर्ने समेतको प्रयोजनको लागि देहाय बमोजिमको एक गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष — अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) वातावारण तथा विपद् व्यवस्थापन समिति संयोजक — सदस्य
(ङ) पूर्वाधार विकास समिति संयोजक — सदस्य
(च) गाउँपालिका क्षेत्रभित्रका जलश्रोत उपभोक्ता संस्थाका अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेका एक जना सदस्य
सदस्य
(छ) गाउँपालिका क्षेत्रभित्रका जलश्रोत उपभोक्ताहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना — सदस्य
(ज) सम्बन्धित विषयगत शाखा प्रमुख — सदस्य सचिव

(२) गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा गाउँपालिका उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।
(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।
(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।
(५) समितिको बैठकको निर्णयको प्रमाणीकरण बैठकको अध्यक्षताले गर्ने व्यक्तिले गर्नुपर्नेछ।

१३. **<u>गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u>**
(१) गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) जलश्रोतको उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने।
(ख) जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव सङ्कलन गरी गाउँ कार्यपालिका समक्ष पेश गर्ने।

(ग) जलश्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलश्रोत उपयोग सम्बन्धमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलश्रोतको उपयोग तथा व्यवस्थापन नभएको पाईएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) गाउँपालिकाको जलश्रोत व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कार्यक्रम तथा नियमन सम्बन्धी काम गर्ने।

(च) गाउँपालिका क्षेत्रभित्रको जलश्रोत उपयोग व्यवस्थापन सम्बन्धमा कुनै समस्या भए त्यसको सुनुवाई गर्ने तथा आवश्यक निर्णय गर्ने।

(छ) प्रतलित कानून विपरित कार्य गर्ने जल उपभोक्ता संस्थाको सम्बन्धमा आवश्यक निर्णय लिने।

## परिच्छेद-५

## जलश्रोत सर्वेक्षण तथा उपयोग अनुमति

१४. **जलश्रोत सर्वेक्षण अनुमतिपत्रको व्यवस्था:** जलश्रोतको सर्भेक्षण अनुमति लिन चाहने व्यक्ति, समूह वा सङ्गठित संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ।

१५. **जलश्रोत उपयोग परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्न सकिने:** (१) जलश्रोतको सर्वेक्षण अनुमतिपत्र प्राप्त वा प्रभावकारी रुपमा जलश्रोतको उपयोग गर्न इच्छुक व्यक्ति वा संस्थाले आफूले गरेको सर्वेक्षण बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य गर्न चाहेमा परियोजना सञ्चालनका लागि अनुसूची-५ बमोजिमको ढाँचामा देहायका विवरणहरु खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

**(क) परियोजनाको विस्तृत विवरण:** परियोजना स्थलको नक्सा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न अनुमानित समय लागत, परियोजनाको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनाको अन्तिम स्वामित्व रहने व्यक्ति वा सङ्गठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

**(ख) सम्भाव्यताको विश्लेषण:** परियोजना विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताको विवरण

**(ग)** **<u>वित्तीय व्यवस्था:</u>** परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाका लगानीकर्ताको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाको प्रतिवद्धता र लगानीकर्ताको दायित्व तथा शेयर पूँजी र प्रतिशत।

**(घ)** **<u>घरजग्गाको उपयोग वा प्राप्ति:</u>** परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीको लगत।

**(ङ)** **<u>वातावरणीय प्रभाव विश्लेषण:</u>** परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपाय तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपाय, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिईने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधा, सुरक्षात्मक व्यवस्था तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गा धनीलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनिहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ।

**(च) अन्य आवश्यक कुराहरु।**

(२) दफा १४ र १५ बमोजिम परेको दरखास्त प्रमुख प्रशासकीय अधिकृतले समिति समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको दरखास्त उपर समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले जलश्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र अनुसूची-७ को ढाँचामा र जलश्रोतको उपयोगको अनुमतिपत्रको हकमा नब्बे दिनभित्र आवश्यक शर्तहरु तोकी दफा ४ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुसूची-८ बमोजिमको जलश्रोत उपयोग अनुमतिपत्र दिनुपर्नेछ। आवश्यक कागजात, विवरण पूरा नभएको हकमा पुन: विवरण माग गर्ने वा अनुमति दिन आवश्यक नदेखिएमा दरखास्त अस्वीकृत गर्न सक्नेछ।

(४) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले संस्थासँग सम्बन्धित विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम परेको दरखास्तमा प्रमुख प्रशासकीय अधिकृतले समितिको जाँचबुझ पश्चात दरखास्त परेको साठी दिनभित्र अनुमतिपत्र दिनुपर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग वापत अनुसूची-६ बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ।

(७) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतले समितिको सिफारिसमा स्वीकृति दिनुपर्नेछ।

(८) अनुमतिपत्र प्राप्त जलस्रोत उपभोक्ता संस्थाले लिज वा करारमा सेवा सञ्चालन गर्न दिनु पर्ने अवस्था भएमा गाउँपालिकाबाट पूर्वस्वीकृति लिनु पर्नेछ।

(९) यस ऐनमा जुनसुकै कुरा लेखिएता पनि सिंचाई प्रयोजनका लागि तीन वा सो भन्दा बढी व्यक्ति मिलेर डिप बोरिङ प्रयोग गरेका वा प्रयोग गर्दै आएका व्यक्ति/संस्थाले पनि यसै ऐन बमोजिम दर्ता गर्नुपर्नेछ।

(१०) गाउँपालिकाले सामूहिक हितका लागि कृषकको समुहलाई दिने भूमिगत डिप बोरिङ सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

१६. **जलश्रोत माथि अधिकार कायम हुने:** यस ऐन बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको लागि जलश्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

१७. **कार्य शुरु गर्ने अवधि:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ।

तर, म्याद भित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा समितिले त्यस्को उचित कारण र उपयुक्त देखेमा म्याद थपको लागि निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

१८. **सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने:** (१) दफा १४ र १५ बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा परियोजनाको काम सम्पन्न गरेको मितिले तीस

दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा समितिले स्थलगत निरीक्षण गर्न सक्नेछ। यसरी गरिएको निरीक्षणमा तोकिए बमोजिम कार्य भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। समितिले दिएको निर्देशन पालना गर्ने दायित्व अनुमति प्राप्त व्यक्ति वा संस्थाको हुनेछ।

१९. **दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइने:** दफा १४ र १५ बमोजिम दिइएको सर्वेक्षण र परियोजना सञ्चालनका लागि दिइएको अनुमतिपत्र उल्लिखित अवधिभर सोही क्षेत्रमा सोही काम गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिईने छैन।

२०. **सार्वजनिक सूचना प्रकाशित गर्न सक्ने:** (१) दफा १४ र १५ बमोजिम जलश्रोतको सर्वेक्षण र उपयोगका लागि दरखास्त परेपछि समितिले आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलश्रोतको उपयोगसँग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना भएको मितिले ३५ दिनभित्र सम्बन्धित समिति समक्ष जो सुकैले पनि उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यून गर्ने सम्बन्धमा दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमति दिँदा तोकी दिनुपर्नेछ।

२१. **अनुमतिपत्र नवीकरण गर्ने:** (१) यो ऐन बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको अन्त्य सम्ममा नवीकरण गर्नु पर्नेछ।

(२) यस अघि कानून बमोजिम दर्ता भएका जल उपभोक्ता संस्थालाई यसै ऐन अनुसार भएको मानि नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (२) अनुसार दर्ता भएका जल उपभोक्ता संस्था गाउँपालिकामा अधिकार हस्तान्तरण हुनु अघि सम्म नियमित नवीकरण भएको छ भने नियमित सरह मानी नवीकरण दस्तुर लिई नवीकरण हुनेछ। तर सम्बन्धित निकायमा दर्ता भै आवश्यक प्रक्रिया पूरा नगरेका जल उपभोक्ता संस्थाको हकमा नयाँ प्रक्रिया अनुसार दर्ता गर्नुपर्नेछ।

२२. **अनुमतिपत्र खारेज गर्न सकिने:** (१) अनुमति प्राप्त समूह वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि विपरित कार्य गरेमा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र आवश्यक सुधार नगरेमा अनुमतिपत्र खारेज गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त समूह वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(४) उपपदफा (३) बमोजिम कुनै उपभोक्ता समूह वा संस्था खारेज वा बन्द भएमा सो सँग नीहित रहेको सम्पूर्ण सम्पत्ति गाउँपालिकाको स्वामित्वमा हुनेछ।

२३. **जलविद्युतको लागि जलश्रोतको उपयोग:** दफा ४ मा जुनसुकै कुरा लेखिएका भएता पनि जलविद्युत उत्पादन गर्नको लागि जलश्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२४. **सजाय सम्बन्धी व्यवस्था:** कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि उल्लङ्घन गरेमा यस ऐनको अनुसूची-९ बमोजिम जरिवाना गर्न सक्नेछ।

२५. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने:** यस ऐनको प्रावधान विपरितको कार्य गरेको पाइएमा गाउँपालिकाले अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

२६. **मुद्दा सम्बन्धी व्यवस्था:** प्रचलित कानून बमोजिमको सजाय हुने कसुर सम्बन्धी कार्य भएको पाइएमा प्रचलित कानून बमोजिम मुद्दा लाग्नेछ। यसका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ।

२७. **पुनरावेदन सम्बन्धी व्यवस्था:** यस ऐन बमोजिम जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारीले गरेको निर्णय वा समितिबाट कारवाही भएकोमा चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-७
## विविध

२८. **सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त समूह वा जल उपभोक्ता संस्थाले आफूले विकास गरेको जलश्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ।जल उपभोक्ता संस्थाले माथि उल्लेख भए बमोजिम कसैलाई आपसी शर्तका आधारमा जलश्रोत व्यवस्थापनका लागि उपयोग गर्न दिँदा लाभ लागत विश्लेषणका आधारमा लाभग्राहीहरूको हितलाई ध्यानमा राखी गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त समूह वा जल उपभोक्ता संस्थाले आफूले विकास गरेको जलश्रोतको उपयोगका लागि सेवा प्रदान गर्ने लाभग्राहीबाट मासिक वा वार्षिक रुपमा शुल्क निर्धारण गरी स्वीकृतिका लागि समिति समक्ष पेश गरेर मात्र असुल गर्नुपर्नेछ।

(३) गाउँपालिकाले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त समूह वा संस्थाले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई सेवा उपलब्ध गराए वापत मासिक वा वार्षिक रुपमा शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ। अनुमति प्राप्त समूह वा संस्थाले असुल उपर गर्नु अगाडी गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२९. **सेवा रोक्न सक्ने:** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ।

३०. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने:** (१) गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

तर कुनै घर जग्गामा जलश्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरी रहेको शङ्का हुने मनासिव कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) जलश्रोतको मुहान कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा पर्ने जमिनमा रहेछ भने जग्गाधनीले त्यस्तो जलश्रोतको मुहान सार्वजनिक उपयोग गर्न/गराउनु पर्नेछ।

३१. **जलश्रोत संरचनाको सुरक्षा:** (१) जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउन सक्नेछ।

(२) जलश्रोतको मुहानको २०० मिटर वरिपरि मुहान संरक्षण र जलश्रोतको उपयोग प्रयोजनका लागि बाहेक कुनै पनि प्रकारको भौतिक संरचना निर्माण गर्न पाइने छैन।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले पनि जलश्रोतको मुहानमा क्षति पुर्याउने कार्य गर्न पाइने छैन।

३२. **जलश्रोतलाई प्रदुषण गर्न नहुने:** (१) गाउँपालिका क्षेत्रभित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, लेदो, विष, रसायन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुँदैन। विद्युत, तारको प्रयोग गरी जलचरको शिकार गर्नु हुदैछ। यदि त्यसो गरेको पाइएमा नियमानुसारको सजाय वा जरिवाना हुनेछ।

**३३. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने:** गाउँपालिका क्षेत्रभित्रको जलश्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ।

३४. **बाधा अडकाउ फुकाउन सक्ने:** (१) यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम फुकाइएको बाधा/अड्चनको जानकारी सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

३५. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३६. **नियम वा कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

३६. **<u>खारेजी र बचाउ:</u>** (१) कानेपोखरी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन सम्बन्धी ऐन, २०७६ को परिच्छेद ३ को दफा ७ देखि दफा २२ सम्म खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेख भएको भएको ऐनको दफा बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**

**हिराकुमारी यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची-१
## दफा ७ को उपदफा (२) सँग सम्बन्धित
## जल उपभोक्ता संस्था दर्ताको निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कानेपोखरी गाउँपालिका, मोरङ।

विषय: जल उपभोक्ता संस्था गठन गरी पाउँ।

हामीले ................................जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले कानेपोखरी गाउँपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८१ को दफा ७ को उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था गराउन देहायको विवरण खुलाई प्रस्तावित जल उपभोक्ता संस्थाको दुई प्रति विधान सहित दरखास्त दिएका छौं।

**विवरण:**

१) उपभोक्ता संस्थाको नाम र ठेगाना :

२) कार्यक्षेत्र:

३) उद्देश्यहरु:

क)

ख)

४) सदस्यहरुको नाम, ठेगाना र पेशा:

क)

ख)

५) उपयोग गरिने जलश्रोतको विवरण:

क) जलश्रोतको मुहान वा मुलको नाम र रहेको स्थान

ख) जलश्रोतको गरिने प्रयोग:

ग) उपभोक्ता संस्था उपयोग गर्न चाहेको जलश्रोतको परिमाण:

घ) उक्त जलश्रोतको हाल भैरहेको उपयोग:

६) उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण:

क) सेवाको किसिम:

ख) सेवा पुर्याउने क्षेत्र:

ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताको संख्या:

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७) आर्थिक श्रोतको विवरण:

८) संस्थाको ठेगाना:

**निवेदक**

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

दस्तखत:

नाम:

पद:

ठेगाना:

मिति:

अनुसूची-२
दफा ७ को उपदफा (६) सँग सम्बन्धित

## जल उपभोक्ता संस्था दर्ता र नवीकरण अभिलेख किताब

दर्ता नं.:
जल उपभोक्ता संस्थाको नाम, ठेगाना:
संस्थाको छाप :
सम्पर्क नं. :

| सि।नं। | आवेदक सङ्घ संस्थाको नाम | कार्यक्षेत्र | सदस्य संख्या | सञ्चालकको विवरण | सञ्चालकको सम्पर्क नं. | आधिकारिक प्रतिनिधिको नाम,थर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची-३**
**दफा ७ को उपदफा (६) सँग सम्बन्धित**
**जल उपभोक्ता संस्था दर्ता प्रमाणपत्रको नमूना**

कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरवन, मोरङ
कोशी प्रदेश, नेपाल

**जल उपभोक्ता संस्था दर्ता प्रमाण पत्र**

दर्ता नं. मिति:

श्री.................................
..........................................।

कानेपोखरी गाउँपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८० को दफा ७ को उपदफा (६) बमोजिम श्री...................लाई कानेपोखरी गाउँपालिका वडा नं...... को ............... टोल/वस्तीमा रहेको पानीको मुहान/श्रोत उपयोग गरी ..............नामको आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिका स्तरीय जलश्रोत उपयोग तथा व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार स्वीकृत विधान र कार्ययोजना बमोजिम कार्य गर्ने अनुमति सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमाणपत्र दिने अधिकारी
नाम:
पद:
सही:

**अनुसूची-४**
**दफा १४ सँग सम्बन्धित**
**जलश्रोत सर्वेक्षण गर्ने सम्बन्धी निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कानेपोखरी गाउँपालिका, मोरङ।

विषयस् जलश्रोत सर्वेक्षण अनुमतिपत्र पाउँ।

जलश्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन कानेपोखरी गाउँपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८० को दफा १४ को उपदफा (१) बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु।

**विवरण:**

१ व्यक्ति वा संस्थाको नाम र ठेगाना:
२. उद्देश्यहरु:
३. सर्वेक्षण गर्ने क्षेत्र:
४.सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु...... पुष्ट्याई विवरण संलग्न गर्ने:
५. सर्वेक्षण अवधि :
६. अन्य विवरणहरु

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संस्थाको नाम र छाप
नाम,थर:

**दरखास्तवालाको**
दस्तखत
नाम:
पद:
ठेगाना:
मिति:

## अनुसूची-५
## दफा १५ को उपदफा (१५) सँग सम्बन्धित
## जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कानेपोखरी गाउँपालिका, मोरङ।

विषयः जलश्रोत उपयोगको अनुमतिपत्र पाउँ।

महोदय,

प्रस्तुत विषयमा जलश्रोतको उपयोगको सञ्चालनको निमित्त अनुमतिपत्र पाउन अनुमतिपत्र पाउन कानेपोखरी गाउँपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८० को दफा १५ को उपदफा (१) बमोजिम देहायको विवरण समेत खुलाई यो दरखास्त पेश गरेको छु।

**विवरण :**

१ व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगाना :
२ उद्देश्य :
३ उपयोग गर्न खोजेको जलश्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन :
४ प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउँ :
५ जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्र :
६ प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभ :
७ प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
८ जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :
९ जलश्रोत उपयोग गर्ने तरीका :
१० जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
११ अन्य विवरणहरु

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**सङ्गठित संस्था भए सो संस्थाको छाप**

**सम्बन्धित व्यक्ति वा सङ्गठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको**

**दस्तखत :**
**नाम :**
**पद :**
**ठेगाना :**
**मिति :**

**अनुसूची- ६**

**दफा १५ को उपदफा (१) सँग सम्बन्धित**

## अनुमतिपत्र दस्तुर

**जलश्रोत उपयोगको किसिम**

| | |
|---|---|
| क. खानेपानी र घरेलु उपयोग | रु. ५००।०० |
| ख. सिंचाई | रु. ५००।०० |
| ग. पशुपालन तथा मत्स्यपालन | रु. १०००।०० |
| घ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.२०००।०० |
| ङ. जल यातायात | रु.२०००।०० |
| च. आमोद प्रमोदजन्य उपयोग | रु.५००।०० |
| छ. अन्य उपयोग | रु.५००-रु.१०००।०० सम्म |

**अनुसूची-७**
**दफा १५ को उपदफा (३) सँग सम्बन्धित**

कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरवन, मोरङ
कोशी प्रदेश, नेपाल

**जलश्रोत सर्वेक्षण अनुमति पत्र**

अनुमतिपत्र संख्या:... मिति:

श्री................................
.........................................।

प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका वडा नं. ....मा जलश्रोत उपयोग सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली कानेपोखरी गाउँपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८० को दफा १५ को उपदफा (३) बमोजिम गाउँपालिका स्तरीय जलश्रोत व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार यो अनुमतिपत्र प्रदान गरिएको छ।

क. व्यक्ति वा संस्थाको पूरा नाम र ठेगाना:
ख. जलश्रोत सर्वेक्षणको उद्देश्य:
ग. जलश्रोत सर्वेक्षणको क्षेत्र:
घ. सर्वेक्षण गर्ने अवधि:
ङ. अनुमतिपत्र बहाल रहने अवधि:

अनुमतिपत्र दिने अधिकारी
नाम :
पद:
सही:

**अनुसूची-८**

**दफा १५ को उपदफा (३) सँग सम्बन्धित**

**जलश्रोतको उपयोग परियोजनाको अनुमतिपत्रको लागि दरखास्त**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कानेपोखरी गाउँपालिका, मोरङ।

विषयः जलश्रोत उपयोगको अनुमतिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा जलश्रोतको उपयोगको सञ्चालनको निमित्त अनुमतिपत्र पाउन अनुमतिपत्र पाउन कानेपोखरी गाउँपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८० को दफा १५ को उपदफा (३) बमोजिम देहायको विवरण समेत खुलाई यो दरखास्त पेश गरेको छु।

**विवरणः**

१ व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगाना :
२ उद्देश्य :
३ उपयोग गर्न खोजेको जलश्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन :
४ प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउँ :
५ जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्र :
६ प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभ :
७ प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
८ जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :
९ जलश्रोत उपयोग गर्ने तरीका :
१० जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
११ अन्य विवरणहरु

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

सङ्गठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा सङ्गठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको

दस्तखत :
नाम :
पद :
ठेगाना :
मिति :

## अनुसूची-९
## दफा २४ सँग सम्बन्धित

## जलश्रोतको उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

**१. सिंचाइको हकमा**

क. दुई हजारसम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु.एकका दरले अधिकतम रु.१०.००
ख. दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.५००.००
ग. पाँच हजारदेखि दश हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.७००.००
घ. दश हजारदेखि पन्ध्र हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.१०००.००
ङ. पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.१२००.००
च. बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.१५००.००
छ. पच्चीस हजार हेक्टर भन्दा बढी सिंचाई गर्न रु.२०००.००

**२. खानेपानीको हकमा**

क. दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.५००.००
ख. दुई हजारदेखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१०००.००
ग. पाँच हजारदेखि दश हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१२००.००
घ. दश हजारदेखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१५००.००
ङ. पन्ध्र हजारदेखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१८००.००
च. बीस हजारदेखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.२०००.००
छ. पच्चीस हजार हेक्टर भन्दा बढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.२५००.००

३. कृषिजन्य उपभोगको लागि रु. १ देखि रु.२ सम्म पानी प्रयोगको परिमाणको आधारमा।
४. घरेलु उद्योगको लागि रु. १ देखि रु.२ सम्म पानी प्रयोगको परिमाणको आधारमा।
५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५ देखि रु.१० सम्म पानी प्रयोगको परिमाणको आधारमा।
६. आमोद प्रमोदजन्य प्रयोगको लागि रु.१ देखि रु.२ सम्म वार्षिक कारोवारको आधारमा।
७. अन्य प्रयोगको लागि रु.१ देखि रु. २ सम्म वार्षिक कारोवारको आधारमा।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी